# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१०२

आज मिति २०८१।०६।१४। गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सचिव | |

## उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०२ मितिः २०८१।०६।१४

निर्णयहरूः

१. गाउँकार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो,आगामी दिनहरुमा निर्णय प्रकृया तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक कार्यहरु गर्ने।

२. आ.व. २०८१/८२ को लागि यस गाउँपालिका क्षेत्रमका नदी तथा खोला किनारामा रहेका ढुङ्गा गिट्टि बालुवा लगायतको प्राकृतिक स्रोतको उपयोगमा कर संकलनका लागि टेन्डर आव्हान नभएको साथै लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका कारण उत्खनन तथा विक्रिमा कठिनाईका कारण थोरैमात्रामा कर संकलन हुने भएकाले गाउँपालिका क्षेत्रभित्र मौज्दातमा रहेको र गाउँपालिका क्षेत्रबाट ओसार पसार हुने सामाग्रीको कर संकलनका लागि वडा नं. १ को वडा समिति र कार्यालयबाट सिफारिस भई आउने व्यक्तिलाई नगद संकलन रसिद जिम्मा लगाई सासाहिक रुपमा कर गाउँपालिकाको सम्बन्धित खातामा जम्मा गर्ने र निजलाई संकलित रकमको १० प्रतिशत रकम पारिश्रमिक स्वरुप मासिक रुपमा उपलब्ध गराउने गरी सम्झौता गर्ने ।

३. यस गाउँपालिका अन्तर्गत लहरेपौवा आयुर्वेद औषधालयमा कार्यरत कविराज सहायक पाँचौं श्री प्रदिप बाबु दुवाडीको अध्ययन अवधीको विदा स्वीकृति लगायतका कारण तलब भत्ता भुक्तानीमा समस्या भएकोले कार्यपालिकाको मिति २०८१।०३।१८ को बैठकमा पछि भुक्तानी हुनेगरी तलब भत्ता निकासा रोक्ने निर्णय भएकोमा स्वास्थ्य मन्त्रालयको मिति २०८१।०५।२८ को निर्णयानुसार बिदा स्वीकृत भई आएकाले निजको नियमानुसारको तलब भत्ता भुक्तानी गर्ने ।

४. वडा नं ३ मा निर्माणाधिन छिमेर खोला झोलुङ्गे पुलको गत आर्थिक वर्षमा जेठ महिना (२०८१।०२।०६) मा मात्र कुल रकम रु २६९४५८०.९० को सम्झौता भई निर्माण कार्य सञ्चालन भई रहेकोमा उपभोक्ता समितिमार्फत काम ढिलाई हुन गएकोमा गत आर्थिक वर्षको अन्त्यमा रु १६१३४९९ को प्राविधिक विल तयार भएको र सो रकम भुक्तानी हुन नसकेकोले यस आर्थिक वर्षमा संघीय सरकारबाट सशर्त अनुदानमार्फत रु १० लाख मात्र विनियोजन भएकोमा हाल उपलब्ध रकमबाट रनिङ बिल भुक्तानी गर्ने र जनसहभागिता तथा गाउँपालिकाको नियमानुसारको साझेदारी रकम बाहेक नपुग हुने रकम रु १२१२३६०/- संघीय सरकारको सम्बन्धित निकायसंग यस आ. व. मा निकासाको लागि माग गर्ने ।

२०८१।०६।१४

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०२ मितिः २०८१।०६।१४

५. वडा नं ४ को ढुङ्गे बस्तीमाथि रहेको पहिरोमा जोखिमयुक्त ढुङ्गाको विस्फोटन तथा व्यवस्थापनको लागि स्थानीय विपद व्यवस्थापन समितिबाट निर्णयसमेत भई आएकोमा कार्यसञ्चालन कोषको विपद व्यवस्थापन कोषमाप्रदेश सरकारबाट विपद व्यवस्थापनकार्यका लागि प्राप्त रकम र सोमा नपुग हुने रकम गाउँपालिकाको विपद् व्यवस्थापन कार्यका लागि छुट्याइएको रकमबाट खर्च गर्ने गरी रकम सुनिश्चित गर्दै कार्य प्रकृया सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने ।

६. गाउँपालिकाको प्रमुख लक्ष्य आर्थिक विकास रहेको सोको लागि विशेष प्राथमिकता सहित कृषि तथा पशुपन्छी क्षेत्रमा बजेट विनियोजन सहित कार्यक्रमहरु सञ्चालन गरिरहेको सन्दर्भमा गाउँपालिकाभित्रको कृषि उत्पादनहरुको व्यवस्थित बजारीकरण गर्न साथै गाउँपालिकाकै आर्थिक सहायताबाट दुग्ध संकलन केन्द्र ३ स्थानमा स्थापना भई संकलन तथा बजारीकरण कार्य हुंदै आइरहेकोमा सोको प्रभावकारी व्यवस्थापनमार्फत कृषि तथा पशुजन्य उत्पादनमा आधारित आम्दानीसहितको आर्थिक विकासका लागि व्यवस्थित गर्न एक थान सवारी साधन कृषि एम्बुलेन्सको रुपमा सञ्चालन हुंदा थप प्रभावकारी हुने भएकाले बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग एक थान कृषि एम्बुलेन्स माग गर्ने ।

७. गाउँपालिका भित्रका तपशिलका स्थानहरुमा आवतजावत सहज बनाउनको लागि झोलुङ्गे पुल निर्माण गर्नुपर्ने भएकाले स्थानीय पूर्वाधार विभाग श्रीमहल काठमाडौ स्थानीय पूर्वाधार विभाग श्रीमहल काठमाडौ र सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१) तल्लो दलढुङ्गा खोला झोलुङ्गे पुल वडा नं१

२) चिप्लेटी खोला पुरानो स्कुल झोलुङ्गे पुल वडा नं१

३) सिन्दुरे खोला झोलुङ्गे पुल वडा नं१

४) बास्तोला करेली खोला झोलुङ्गे पुल वडा नं२

५) थल्गु भाँगे खोला झोलुङ्गे पुल वडा नं२

६) स्वारा खेत फन्जु खोला झोलुङ्गे पुल वडा नं३

७) घट्टे खोला झोलुङ्गे पुल वडा नं३

२०८१/०६/१४

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १०२ मिति: २०८१।०६।१४

८) निम्सो खोला झोलुङ्गे पुल वडा नं३

९) मनिगाउँ काभ्रेखोला झोलुङ्गे पुल वडा नं ४

१०) लामा चिप्लेटी काभ्रे खोला झोलुङ्गे पुल वडा नं४

११) रिठ्ठघारी जूंगेफाँट झोलुङ्गे पुल (उत्तरगया ५-विदुर १०)

१२) मैलुङ दोभान न्यामन्याम खोला झोलुङ्गे पुल वडा नं १

१३) मझुवा काभ्रेखोला झोलुङ्गे पुल वडा नं४

१४) माथिल्लो दलढुङ्गा झोलुङ्गे पुल वडा नं१

१५) खोल्च्याङ खोला झोलुङ्गे पुल वडा नं१

१६) मैलुङ त्रिशुली नदि झोलुङ्गे पुल (उत्तरगया १-कालिका १)

१७) तोर्मे खोला भुमेस्थान झोलुङ्गे पुल उत्तरगया ३

८. गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्स गाउँ कार्यपालिकाको मिति २०८०।०६।२२ को निर्णयानुसारकै शर्त र अवस्थाहरुको आधारमा चलिरहेकोमा हाललाई सोको निरन्तरता दिने साथै सञ्चालन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक तयारी गर्ने ।

२०८१।०६।१४

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत